## विद्युत कटौती

- वृद्धवृद्धा र विशेष सहायता आवश्यक पर्न सक्ने मानिसहरूको सुरक्षा सुनिश्चित गर्न उहाँहरूको हालखबर बुझ्नुहोस्।
- तपाईं आँधी आएपछि के-कति क्षति भएको छ निरीक्षण गर्न जाँदा थप सावधानी अपनाउनुहोस्। पानीमा डुबेका वा झुण्डिएका विद्युतीय तारहरू बरफको चाङ, रूख वा भाग्नावशेषले ढाँकिएका हुन सक्छन् र तिनीहरूमा विद्युत आइरहेको हुन सक्छ। कहिल्यै पनि लत्रेका वा तल झरेका तारहरू छुने वा सार्ने प्रयास नगर्नुहोस्। बालबालिका र घरपालुवा जनावरहरूलाई तिनीहरूबाट टाढा राख्नुहोस्।
- विद्युतका तारहरूसँग छोइएका रुखका हाँगा वा बारहरू जस्ता कुनै पनि वस्तु नछुनुहोस्। लत्रेको वा तल झरेको तारमा विद्युत प्रवाह भइरहेको छ भनेर सधैँ मान्नुहोस्। आफ्नो उपयोगिता सेवा कम्पनीलाई फोन गरेर विद्युत कटौतीसँग सम्बन्धित समस्या रिपोर्ट गर्नुहोस्।
- फ्ल्याशलाइट र पोर्टेबल रेडियोहरूले काम गरिरहेका छन् सुनिश्चित गर्न र तपाईंसँग थप ब्याट्रीहरू छन् भनी जाँच गर्नुहोस्। आँधीबेहरीको बेला मौसम तथा आपत्कालीन अवस्थासम्बन्धी जानकारीको महत्त्वपूर्ण स्रोत भनेको रेडियो हो।
- यदि जेनेरेटर प्रयोग गर्दै हुनुहुन्छ भने निर्माताका निर्देशनहरू पढ्नुहोस्, बुझ्नुहोस् र पालना गर्नुहोस्। जेनेरेटरहरू सधैँ घरबाहिर र कुनै पनि झ्याल वा ढोकाबाट टाढा राखेर चलाउनुहोस्। खराब ढङ्गले जेनेरेटर जडान गरेको वा चलाएको कारणले गर्दा मानिस र सम्पत्तिहरूमा पुग्ने क्षति वा चोटपटकका लागि तपाईं उत्तरदायी हुन सक्ने भएकाले जेनेरेटरलाई सही तरिकाले जमिनमा राखेर जडान गरिएको छ भनी सुनिश्चित गर्नुहोस्।
- तपाईंका कार्बन मोनोअक्साइड (CO) डिटेक्टरहरूले सही तरिकाले काम गरिरहेका छन् र ताजा ब्याट्रीहरू छन् भनी सुनिश्चित गर्नुहोस्।
- आफ्नो रेफ्रिजेरेटर र फ्रिजरलाई अधिकतम चिसो सेटिङहरूमा सेट गर्नुहोस् (विद्युत आइसकेपछि तिनीहरूलाई पहिलेकै सामान्य स्थितिमा रिसेट गर्न नबिर्सनुहोस्)। विद्युत काटिएको बेला रेफ्रिजेरेटर वा फ्रिजरको ढोका नखोल्नुहोस्। खानेकुरा पूर्ण रेफ्रिजेरेटरमा 24 घण्टासम्म र राम्रोसँग प्याक गरिएको भएमा फ्रिजरमा 48 घण्टासम्म (आधा प्याक भएको भए 24 घण्टासम्म) चिसो रहन सक्छ। यदि तपाईंको चिसो ठाउँमा राख्नुपर्ने औषधि छ भने लामो समयसम्म विद्युत नहुँदाको बेला औषधिको उचित भण्डारणका बारेमा मार्गनिर्देशनका लागि आफ्नो फार्मेसिस्टसँग कुरा गर्नुहोस्।
- तपाईंसँग फ्ल्याशलाइट, पोर्टेबल रेडियो, अतिरिक्त ब्याट्रीहरू, प्राथमिक उपचार किट, बोतलको पानी, छिट्टै नबिग्रने खानेकुरा र म्यानुअल क्यान ओपेनर लगायतका पूरै सामानहरू भएको विन्टर होम इमर्जेन्सी सप्लाइ किट छ भनी सुनिश्चित गर्नुहोस्।